# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८२/०८३
चलानी नम्बर :

## कृषि यन्त्र उपकरण हस्तान्तरण कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः२०८२/ ०४ / २८**

मालारानी गाउँपालिकाको आ.व २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम तथा हेफर प्रोजेक्ट नेपाल र मालारानी गाउँपालिकाको साझेदारीमा संञ्चालित मालारानी कृषि तथा पशु उद्यमशिलता विकास परियोजना अन्तर्गत आ.व २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलको कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदकले यो सुचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८२/०५/११) गते भित्र यस कार्यालय वा आ-आफ्नो वडामा तपसिलको विवरण सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै रीत नपुगेको र म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटको लागि समावेश नहुने व्यहोरा जानकारी गराईन्छ ।
थप जानकारीको लागि मालारानी गाउँपालिकाको कृषि शाखामा सम्पर्क (९८४३१००१८५ वा ९८४९७२५१७५) गर्न सकिन्छ

तपसिलः

| क्र.स | कार्यक्रम | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्युनतम मापदण्ड | अनुदानको सीमा |
|---|---|---|---|---|
| १. | कृषि यन्त्र उपकरण हस्तान्तरण कार्यक्रम (५० प्रतिशत लागत सहभागिता) | कृषि जन्य निजि फर्म / कृषक समुह / कृषि सहकारीलाई मिनी कुटानी पिसानी मेसिन मिनिटिलर (हाते ट्याक्टर) र corn sheller (मकै छोडाउने मेसिन) खरिदमा अनुदान । | • कृषि फर्मको हकमा कम्तिमा २ रो. जग्गामा खेति गरेको हुनु पर्नेछ।<br>• कृषक समुहको हकमा कम्तिमा २० रो. जग्गामाखेति गरेको हुनु पर्नेछ।<br>• कृषि सहकारीको हकमा कम्तिमा ५० रो.जग्गामा खेति गरेको हुनु पर्नेछ। | बजेटको परिधि भित्र रही अधिकतम ५० प्रतिशत । |

**संलग्न गर्नु पर्ने कागजातहरुः**

१.प्रस्तावकको निवेदन।
२. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि
३.दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि (समुह/निजि फर्म/सहकारी)
४.स्थायी लेखा नं प्रमाणपत्र तथा हालको आर्थिक बर्षको करचुक्ता प्रमाणपत्र को प्रतिलिपि (समुह/निजि फर्म/ सहकारी)
५. सम्बन्धित वडाको सिफारीस पत्र ।
६. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।(समुह/सहकारी)
७. जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संञ्चालन गर्नेको हकमा (करार सम्झौता कम्तिमा ५ बर्षको) ।
८.गत २ आ.व मा मालारानी गाउँपालिका वा अन्य कुनै सरकारी निकायबाट सोही प्रयोजनको लागि अनुदान प्राप्त नगरेको स्वघोषणा पत्र ।

२०८२/४/२८
गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
१. वडा कार्यालयहरु (सबै) ।
२. सूचना प्रविधि शाखा, सूचना सम्प्रेषण गरिदिनु हुन ।